फोन नं.: ०७८-५४०१७०५४१११६
E-mail: info@kawasotimun.gov.np
Website: www.kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं.

मिति: २०८१/०८/१८
ने.स. ११४५ थिँलाथ्व, २ मंगलवार

कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रममा आवेदन प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/०८/१८)

कावासोती नगरपालिकाको आ.व. २०८१/०८२ मा संघीय सशर्त कार्यक्रम तर्फको बार्षिक स्वीकृत कार्यक्रम कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रममा (बाली विकास कार्यक्रम) सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होमस्टे संचालकहरुले आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन (२०८१/०९/१७) भित्र कावासोती नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु :**

१. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होमस्टे दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. कृषक समूह/कृषि सहकारी/कृषि फर्म/सामुदायिक बीउ बैंक व्यवस्थापन समिति/जैविक विविधता संरक्षण समिति/होमस्टे वाट कार्यक्रम मागको निर्णयको प्रतिलिपि।
३. निर्दिष्ट कार्ययोजना सहितको निवेदन।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
५. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात (जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि) वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौता पत्र।
६. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि।
७. गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
८. सम्बन्धित वडा कार्यालयको सिफारिस।

**नोटःकार्यक्रम संचालन प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा २५ बमोजिम हुनेछ।**

(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत